का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ साउन २०७९,
बिहीबार
11 August 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक १८७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

**सत्ता गठबन्धन**

# इगोले अप्ठ्यारो

पाँच दलीय सत्तागठबन्धनभित्र रहेका कांग्रेसबाहेक दलहरुले बाम समाजवादी मोर्चा बनाएर चुनाव लड्नेबारे छलफल चलाए । तर, सबै दलहरुलाई आफ्नो पार्टीले चुनाव चिन्ह जोगाउन खोजे । कुरा नमिल्दा छुट्टाछुट्टै दलका रुपमा रहेरै गठबन्धनमार्फत चुनाव लड्ने तयारीमा जुटेका छन् ।





आउँदो चुनावसम्म समाजवादी केन्द्र बन्दैन । अहिलेसम्मको संघर्षबाट प्राप्त भएको प्रणाली जोगाउनका लागि बनेको गठबन्धनबाट दायाँबायाँ भइँदैन ।

**देवेन्द्र पौडेल**
**नेता, माओवादी केन्द्र**



गठबन्धनमा रहेर चुनाव लड्ने कुरामा दायाँबायाँ हुँदैन । त्यसै अनुसार हाम्रो पार्टी सम्पुर्ण रुपले आन्तरिक तयारीमा जुटेको छ । आवश्यक संरचनाहरु बनेका छन् ।

**बेदुराम भूसाल**
**महासचिव, एकीकृत समाजवादी**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ साउन ।

पाँच दलीय सत्तागठबन्धनभित्र रहेका कांग्रेसबाहेक दलहरुले बाम समाजवादी मोर्चा बनाएर चुनाव लड्नेबारे छलफल चलाएका थिए । तर, तिनै पार्टीका नेताहरुका अनुसार आगामी चुनावमै वाम समाजवादी मोर्चाको संभावना क्षीण भएको छ । नेताहरु अब छुट्टाछुट्टै दलकै रुपमा रहेर गठबन्धनमार्फत चुनाव लड्ने तयारीमा जुटेका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री समेत रहेका नेकपा माओवादी केन्द्रका स्थायी समिति सदस्य देवेन्द्र पौडेल प्रष्टै भन्छन्, 'आउँदो चुनावसम्म समाजवादी केन्द्र बन्दैन ।' अहिले भैरहेको पाँच दलीय गठबन्धन भन्दा भित्र या बाहिर अर्को गठबन्धन नबन्ने उनको भनाइ रहेको छ ।

प्रेस सेन्टर नेपाल मकवानपुरले बुधबार हेटौंडामा मन्त्री पौडेलसँग पत्रकार भेटघाट कार्यक्रम राखेको थियो । जसलाई सम्बोधन गर्दै उनले भने, 'अहिलेसम्मको संघर्षबाट प्राप्त भएको प्रणाली जोगाउनका लागि यो गठबन्धन बनेको हुँदा आउँदो चुनावसम्म यो गठबन्धनबाट दायाँबायाँ भइदैंन ।'

गठबन्धमा रहेको र वाम समाजवादी मोर्चाको बहसमा केन्द्रीत भएको एकीकृत नेकपा समाजवादीले त एक्लै घोषणापत्र निर्माण जुटेको छ । घोषणापत्र तयार गर्न नेताहरु प्रकाश ज्वाला, गंगालाल तुलाधार र विजय पौडेललाई जिम्मेवारी नै दिइएको छ । संघ र प्रदेशको चुनावका लागि घोषणा पत्र तयार पार्न र उम्मेदवार छनोटको मापदण्ड बनाउन नेताहरुलाई जिम्मेवारी तोकिएको छ ।

महासचिव बेदुराम भूसालका अनुसार उम्मेदवार छनोटको मापदण्ड र विधिबारे प्रस्ताव तयार पार्ने जिम्मेवारी उनैलाई दिइएको छ । निर्वाचन आयोगमा दल दर्ता गराउने जिम्मेवारी उपमहसचिव गंगालाल तुलाधरले पाएका छन् । निर्वाचन सम्बन्धी निर्देशिका तयार गर्ने जिम्मा पार्टीको कानून विभागले पाएको छ । महासचिव बेदुराम भूसाल भन्छन, 'गठबन्धनमा रहेर चुनाव लड्ने कुरामा दायाँबायाँ हुँदैन । त्यसै अनुसार पार्टी सम्पुर्ण रुपले आन्तरिक तयारीमा जुटेको छ । आवश्यक संरचनाहरु बनेका छन् ।

पाँच दलीय सत्तागठबन्धनभित्र रहेका कांग्रेसबाहेक दलहरुले बाम समाजवादी मोर्चा बनाएर चुनाव लड्नेबारे गत ३० वैशाखमा सम्पन्न स्थानीय तहको चुनाव अगाडि समेत छलफल चलेको थियो । आसन्न प्रदेश र संघीय चुनावका सन्दर्भमा पनि यो विषयमा छलफल चलाए । तर, सबै दलहरुलाई आफ्नो पार्टीको चुनाव चिन्ह जोगाउनुपर्ने जस्ता विषयमा अडिग रहे । कुरा नमिल्दा छुट्टाछुट्टै दलका रुपमा रहेर गठबन्धनमार्फत चुनाव लड्ने तयारीमा जुटेका हुन् ।

# एक चीन नीतिमा नेपाल प्रतिबद्ध

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ साउन ।



नेपालले एक चीन नीतिमा प्रतिवद्ध रहेको दोहोऱ्याएको छ । खासगरी अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणपछि अमेरिका र चीन आमुन्नेसामुन्ने भएका छन् । यो विषयमा विश्व नै दुई ध्रुवमा विभाजित हुन खोजिरहेका बेला नेपालले असंलग्न परराष्ट्र नीति र एक चीन नीतिमा दृढ रहेको बताएको हो ।

नेपालका परराष्ट्रमन्त्री नारायण खड्काले चीन भ्रमण गरेका छन् । ताइवानबारे नेपालको धारणा के हो भनी विश्वका अन्य मुलुकहरुले चासोका साथ हेरिरहेका बेला परराष्ट्रमन्त्रीको चीन भ्रमणलाई चासोका साथ हेरिकएको छ । साथसाथै नेपाल सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेस अमेरिकाप्रति नरम नीति लिने पार्टीका रुपमा लिँदै कतिपयले टिप्पणी गर्ने गरेका छन् । यो बेला चीन भ्रमणमा गएर परराष्ट्रमन्त्री नारायण खड्काले चीनका विदेश मन्त्री वाङ यी लगायतसँग भेटवार्ता गरे ।

> अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणपछि अमेरिका र चीन आमुन्नेसामुन्ने भएका छन् । यो विषयमा विश्व दुई ध्रुवमा विभाजित हुन खोजिरहेका बेला नेपालले असंलग्न परराष्ट्र नीति र एक चीन नीतिमा दृढ रहेको बताएको हो ।

परराष्ट्रमन्त्री खड्का नेतृत्वको नेपाली टोली र वाङको नेतृत्वमा रहेको चिनियाँ टोलीबीच चीनस्थित सान्तोङ प्रान्तको छिङ्ताओमा द्वीपक्षीय भेटवार्ता भएको थियो । भेटवार्ताका क्रममा परराष्ट्रमन्त्री खड्काले एक चीन नीतिमा नेपाल प्रतिवद्ध रहेको दोहोऱ्याएका हुन । जसको चिनियाँ पक्षले स्वागत र प्रशंसा गरेको भ्रमणदलमा रहेका नेपाली सदस्यहरुले बताएका छन् ।

अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणपछि कतिपय मुलुकले एक चीन नीतिमाथि प्रश्न उठेको बताएका छन् । यो बेला स्वमं चीनले विश्वमा रहेका देशहरुलाई एक चीन नीतिप्रति प्रतिबद्धता जनाउन अप्रत्यक्ष रुपमा आह्वान गरेको र त्यसअनुसार व्यवहार गर्न थालेको बताइन्छ । यसअघि नै नेपाल सरकारले पनि परराष्ट्र मन्त्रालयमार्फत् नेपाल एक चीन नीतिमा प्रतिबद्ध रहेको बताएको थियो । यही संदेश लिएर परराष्ट्रमन्त्री खड्का गएका थिए ।

पछिल्लो समय नेपालको गतिविधिप्रति चीनको चासो बढेको देखिन्छ । विशेषगरी विवादित अमेरिकी परियोजना एमसीसी अनुमोदन भएपछि चीनले नेपालको प्रतिक्रिया खोजेको छ । एमसीसी अनुमोदनकै क्रममा चीनले खुलेर अमेरिकी दबावको विरोध जनाएको थियो । नेपालमा एमसीसीबारे निर्णय हुँदै गर्दा नेपालको मामिला लिएर चीनले अमेरिकाको विरोध जनाएको थियो । कुटनैतिक विज्ञहरु चीनले नेपालको प्रतिबद्धताकै खोजीमा रहेको बताउँछन् ।

# किन बढ्दैछ आत्महत्याका घटना ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २५ साउन ।

पछिल्ला दिनहरुमा नेपालमा आत्महत्याको घटना दिनहुँ बढ्न थालेका छन् । कतिपयले पारिवारिक र आर्थिक अवस्था, कतिपयले पढाई र कतिपयले मायाप्रेममा परेर पनि आत्महत्या गर्न थालेका छन् । विश्वमा आत्महत्याको जोखिममा नेपाल सातौं स्थानमा छ भने महिलामा तेस्रो स्थानमा छ ।

मंगलबार र बुधवार मात्रै देशका विभिन्न स्थानमा ४ जनाले आत्महत्या गरेका छन् । इटहरीको सुष्मा कलेजमा कक्षा १२ मा अध्ययन गर्दै आएकी श्रद्धा घिमिरेले कोठामा सलको पासो लगाएर आत्महत्या गरेकी छिन् । उनी इटहरीमा दिदी भिनाजुकोमा बस्ने आएकी थिईन् । त्यस्तै, बुधवार मात्रै बझाङको बुङ्गल नगरपालिका-९ रारुमा एकै परिवारका ३ जनाले एउटै रुखमा झुन्डिएर आत्महत्या गरेका छन् । रारुका २२ वर्षीया गीता पार्की, उनकी ५ वर्षीया छोरी र ३ वर्षीया छोरा भुपेन्द्र पार्की झुण्डिएको अवस्थामा भेटिएका हुन् । बुधवार राति मात्रै उनका पति पुष्कर भारतबाट फर्किएका थिए ।

पछिल्लो समय आत्महत्याका घटना बढ्नुमा खँस्कदो आर्थिक अवस्थामा पनि भएको मनोविद् गोपाल ढकाल बताउँछन् ।'विभिन्न कारणले गर्दा परिवारमा बढेको तनाव नै आत्महत्याको प्रमुख कारण देखिन्छ, जसमा महत्वपूर्ण भूमिका आर्थिक अवस्थाले पनि खेल्ने गर्दछ,' उनले भने । साथै उनले श्रीमानश्रीमतीबीच बढ्दो अविश्वास पनि अर्को कारण भएको बताएका छन् ।

विश्वमा प्रति वर्ष १० लाख मानिसहरु आत्महत्याका कारण मृत्युको शिकार हुने गरेको तथ्याङ्क पाइन्छ । प्राय सबै देशमा १५ देखि २४ बर्षका मानिसमा यो समस्या बढी देखिने गरेको छ ।

जब मानिसले समस्या समाधानका कुनै उपाय देख्दैन, त्यतिबेला उसले आत्महत्याको बाटो रोज्छ । संसारमा बर्षेनी लगभग ८ लाख व्यक्तिले आत्महत्या गर्छन् । हरेक ३ सेकेन्डमा १ जनाले प्रयास र ४० सेकेन्डमा १ जनाले आत्महत्या गर्छन् । १५-२९ बर्ष उमेर समूहमा आत्महत्या मृत्युको दोस्रो प्रमुख कारणका रुपमा रहेको छ । नेपालमा पनि प्रत्येक बर्ष सरदर ४ हजार ६७४ व्यक्तिले आत्महत्या गर्ने गरेको नेपाल प्रहरीको तथ्याङ्क छ । महानगरीय प्रहरी कार्यालय काठमाडौंमा प्रत्येक हप्ता कम्तिमा १० वटा आत्महत्यासम्बन्धी घटना दर्ता हुने गरेका छन्, जसमा अधिकांश महिला नै रहेका छन् । धेरै दिक्दारी लाग्नु, मुडमा आवश्यकता भन्दा बढी उतार-चढाव आउनु, आफूलाई एकदमै दयनीय अवस्थाको ठान्नु, जीवनप्रति रुचि नहुनु, भविश्यप्रति कुनै आशा नलाग्नु आदि कारणले मानिसले आत्महत्या गर्ने गरेको मनोविद्हरु बताउँछन् । यद्यपि, एकपछि अर्को गरि बढेको आत्महत्याले भने सरकारलाई नै चुनौती थपिदिएको छ ।

# साउदी दूतावासको कार्यशैलीबाट व्यवसायीहरु पीडित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन

वैदेशिक रोजगार व्यवसायीहरूले नेपालस्थित साउदी अरेबियाको दूतावासले प्रणाली अपडेट गर्ने भन्दै विभिन्न बहानामा भिसा प्रक्रियामा आलटाल गरेपछि गम्भीर समस्या झेल्नुपरेको बताएका छन् । रोजगारीका लागि साउदी अरब जाने कामदारको लागि नेपालस्थित साउदी दूतावासले भिसा जारी गर्दै आएको छ ।

भिसा प्रक्रियामा अनिवार्य मानिएको साउदी आईडी नवीकरण नभएर लामो समयदेखि समस्या झेलिरहेका व्यवसायीहरूले दूतावासले प्रणालीमा अपग्रेड गर्ने भन्दै राहदानी लिन छोडेपछि आफूहरू थप समस्यामा परेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् । उनीहरूले दूतावासले समस्याको तत्काल समाधान नदिए नेपाली कामदार रोजगारीका लागि उक्त मुलुक पठाउन नसकिने अवस्था उत्पन्न हुने खतरा देखिएको बताएका छन् ।

नेपालस्थित साउदी दूतावासले भिसाका लागि राहदानी नलिदा लामो प्रयासपछि प्राप्त गरे गरेको डिमाण्डको म्याद नै समाप्त हुने र रोजगारदातासँगको सम्बन्ध पनि बिग्रने अवस्था उत्पन्न भएको व्यवसायीहरूको भनाइ छ ।

नेपालले संस्थागतरूपमा विश्वका १ सय १० मुलुकमा कामदार पठाउने गरेको छ । त्यस मध्ये खाडीका साउदी अरबसहित ६ मुलुक र मलेसिया प्रमुख श्रम गन्तव्यका रूपमा रहेका छन् । तर नेपालस्थित साउदी दूतावासबाट हुने भिसा प्रक्रियामा सबैभन्दा झन्झटिलो र कतिपय अवस्थामा अपमानजनक रहेको व्यवसायीहरूको भनाइ छ । अन्य देश प्रविधि मार्फत अनलाइनबाटै भिसा प्रक्रियामा अभ्यस्त भइसक्दा साउदी दूतावास 'म्यानुअल' अर्थात कागजात सहितको फाईल प्रक्रियामा अल्झेर काम गरिरहेको व्यवसायीहरूको भनाइ छ ।

सानो कागज छुटेपनि आफ्नो मुलुकको आधिकारिक सरकारी निकायले प्रमाणित गरेको कागज नै माग गरिने गरेको कारणले लामो समयदेखि खडा गरिएको समस्याको समाधान हुन नसकेको व्यवसायीहरूले बताउने गरेका छन् । दूतावासले अनावश्यक समस्या खडा गरेको भन्दै आफूहरूले समाधानका लागि परराष्ट्र मन्त्रालयको समेत ध्यानाकर्षण गराएको तर सामान्य प्राविधिक समस्या हुँदा पनि त्यसैको बहानाबाजी

– बाँकी पृष्ठ २ मा


## परराष्ट्रले नै हस्तक्षेप गर्नुपर्ने माग

**काठमाडौं/मस–** नेपालस्थित साउदी अरेबियाको दूतावासमा उत्पन्न भिसा समस्याको समाधान लामो समयदेखि नभएको विषयलाई नेपाल सरकारले गम्भीरताका साथ लिनुपर्ने वैदेशिक रोजगार व्यवसायीको माग रहेको छ । यद्यपि दूतावासको गलत रवैयाविरुद्ध कोही पनि व्यवसायीहरु खुलेर विरोध गर्न सक्दैनन् ।

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मञ्चद्वारा व्यवसायी जिसीलाई सम्मान



काठमाडौं/मस– नेपाल गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्चले मानार्थ विद्यावारिधि उपाधि प्राप्त युवा व्यवसायी तथा उद्यमी ईश्वर जिसीलाई सम्मान गरेको छ । युवा उमेरमै उद्यम तथा वैदेशिक रोजगार क्षेत्रमा उल्लेखनीय

– बाँकी पृष्ठ २ मा


## कर्मचारी आवश्यकता

यस कम्पनीका लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

* एकाउन्टेन्ट : १ (महिला)
* पिआरओ : ४ (पुरुष/महिला
* रिसेप्सनिष्ट : १ (महिला)

तलव सुविधा आपसी सहमतिमा हुनेछ ।

मेनपावर फिल्डमा कम्तीमा २ वर्षको अनुभव हुनुपर्नेछ ।

**फेमस ह्युमन रिसोर्सेज प्रा. लि.**
Sinamangle 9 opposite Hope hospital, Kathmandu Nepal
श्रम इजाजत नं. ५४५/०६१/०६२
Mobile: 9851010604,9851021302, Email: famoushr454gmail.com

## मलेसियामा रोजगार

कम्पनी : CIRCLE SPIN PRECISION ENGINEERING SDN. BHD.
शहर : JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०४/२५ | चलानी नं.: ६०१८५१०५ | LT. No.: 269239

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २ गते (18 August 2022) मा हुनेछ ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SGMC SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.**
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu | Tel: 4573705, 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com

मध्यान्ह
www.madhyanhadaily.com
२६ साउन २०७९, बिहीबार
11 August 2022, Thursday

# लगानीकर्तालाई थप उत्प्रेरित गर्न सरकार प्रतिबद्ध : प्रधानमन्त्री



**काठमाडौं/मस-** प्रधानमन्त्री शेरबहादुर देउवाले लगानीकर्तालाई थप उत्प्रेरित र आकर्षण गर्न सरकारको तर्फबाट गर्नुपर्ने सुधारका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

उनले मुलुकमा दिगो पूर्वाधार निर्माणको आवश्यकता परिपूर्ति गर्न लगानी बोर्डमार्फत भइरहेका कार्य र उपलब्धिको प्रशंसा गर्दै ठूला र राष्ट्रिय महत्वका परियोजनालाई द्रुत गतिमा अगाडि बढाउन निर्देशनसमेत दिएका छन् ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले पेस गर्नुभएको आर्थिक वर्ष २०७८/०७९ को कार्यसम्पादन प्रतिवेदन ग्रहण गर्दै उनले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा आर्थिक तथा वित्तीय परिदृश्यहरू चुनौतीको रूपमा देखापरेको परिप्रेक्ष्यमा ठूला लगानी आकर्षण तथा परिचालन गर्न बोर्डबाट थप कार्य कुशलता प्रदर्शन गर्न निर्देशन दिए ।

प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्ष देउवासमक्ष लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत भट्टले बुधबार गत आवको कार्यसम्पादन प्रतिवेदन पेस गरेका हुन् । प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतबीच २०७८ साल साउन ३२ गते आव २०७८/०७९ का लागि ४२ वटा क्रियाकलापमा समयसारिणीसहितको मापनयोग्य सूचकका आधारमा कार्यसम्पादन करार भएको थियो ।

लगानी बोर्डका चार प्रमुख रणनीतिक खम्बाहरू परियोजना विकास र व्यवस्थापन, लगानी प्रवर्द्धन, संस्थागत विकास, समन्वय सहकार्य र साझेदारीमा केन्द्रित रही भएको करारबमोजिम सम्पादन गरिएका कार्यहरुको प्रगति विवरण समेटिएको उक्त प्रतिवेदनमा तोकिएअनुसारका सूचकहरू पूरा भई शतप्रतिशत कार्य सम्पन्न भएको बोर्डले जनाएको छ ।

उक्त आर्थिक वर्षमा रु एक खर्ब २२ अर्बभन्दा बढी लगानी स्वीकृत भएको व्यावसायिक योजनासहितको पञ्चवर्षीय रणनीतिक योजना स्वीकृत गरी लागू गरिएको लगानी बोर्डको परियोजना बैंकसम्बन्धी मार्गदर्शन तयार भएको छ । साथै परियोजनाको अनुगमनसम्बन्धी ड्यासबोर्डसमेत तयार भएको छ । त्यस्तै पश्चिम सेती तथा सेती नदी-६ संयुक्त जलविद्युत् परियोजनाको विकास ढाँचासम्बन्धी अध्ययन कार्य सम्पन्न भएको माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको वित्तीय व्यवस्थापनको म्याद थपसम्बन्धी अध्ययन कार्य सम्पन्न भएको बोर्डले जनाएको छ ।

यसैगरी नेपालमा रासायनिक मल कारखाना स्थापना गर्न उपलब्ध प्रविधिहरुको तुलनात्मक विश्लेषणसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छ। साथै लगानी बोर्डलाई सूचना प्रविधिमैत्री बनाउन प्रोजेक्ट बैंक म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम, वन स्टप सर्भिस जस्ता विभिन्न प्रणालीहरुको विकास भएका छन्। राष्ट्रिय तथा अन्तराष्ट्रियरूपमा विभिन्न निकायसँगको समन्वयमा लगानी प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरु आयोजना गरिएको बोर्डका सहसचिव एवं प्रवक्ता अमृत लम्सालले जानकारी दिए ।

प्रधानमन्त्री देउवासमक्ष प्रतिवेदन पेस गर्दै प्रमुख कार्यकारी अधिकृत भट्टले लगानी बोर्डले लगानी आकर्षण, परियोजनाको सम्पूर्ण चक्रमा सहजीकरणका साथै लगानी बोर्डको कार्यालयलाई 'पीपीपी सेन्टर अफ एक्सिलेन्स'का रूपमा विकास गर्न प्रतिबद्ध रहेको जानकारी गराएका थिए । उनले कार्यालयले परिणाममुखी र उत्तरदायी कार्यप्रणाली एवं संस्थागत क्षमता विकासमा फड्को मार्न सफल भएको बताउँदै प्रधानमन्त्रीबाट प्राप्त मार्गदर्शनअनुरूप परियोजना विकास, संस्थागत सुदृढीकरण र स्थायित्वका लागि भएका महत्वपूर्ण विकासक्रमबारे जानकारी गराएका थिए ।

# जुत्ता कारखानामा आगलागी



**काठमाडौं/मस-** काठमाडौं बालाजुस्थित जुत्ता कारखानामा लागेको आगो नियन्त्रणमा आएको छ। काठमाडौं महानगरपालिका-१६ बालाजु बाइपासमा श्रीराम पाण्डेले सञ्चालन गरेको अन वर्ल्ड फुटवेयरमा बुधबार बिहान ११ बजेर ३५ मिनेट जाँदा लागेको आगो दिउँसो नियन्त्रणमा आएको हो ।

जिल्ला प्रहरी कार्यालय काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले बालाजुको जुत्ता कारखानामा लागेको आगो सातवटा दमकल र १७ वटा पानीको ट्याङ्करको प्रयोग गरेर नियन्त्रणमा लिएको जानकारी दिए । विद्युत् 'सर्ट' भएर लागेको आगो झण्डै तीन घण्टापछि नियन्त्रणमा आएको हो ।

आगो नियन्त्रणमा लिन काठमाडौं महानगरपालिकाका दुई, ललितपुर महानगरपालिकाका दुई, भक्तपुर नगरपालिकाको एक, नेपाली सेनाको एक र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको एक दमकलको प्रयोग गरिएको थियो। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, विभिन्न वृत्तका प्रमुखसहितको एक सय ७५ जनाको टोली यस कार्यमा खटिएको प्रवक्ता मैनालीले बताए ।

यस्तै, नेपाली सेनाको कालीध्वज गणबाट एक सय ३३ र सशस्त्र प्रहरी गुल्म बाघ भैरबबाट ५० जनाको टोली खटिएको थियो। आगलागीमा करोडौंको सामान क्षति भएको प्रवक्ता मैनालीले जानकारी दिए । घटनाका बारेमा प्रहरी वृत्त बालाजुले अनुसन्धान गरिरहेको छ।

# बैंकिङ कसुर मुद्दाका अभियुक्त पक्राउ



**भक्तपुर/मस-** बैंकिङ कसुर तथा चेक अनादर मुद्दामा फरार रहेका चाँगुनारायण नगरपालिका-३ झौखेलका ४४ वर्षीय शिवराज थापा पक्राउ परेका छन् । उनलाई महानगरीय प्रहरी परिसर भक्तपुरको टोलीले बुधबार पक्राउ गरेको हो ।

बैंकिङ कसुर तथा चेक अनादर मुद्दामा उच्च अदालत पाटन र जिल्ला अदालतको एक महिना १५ दिन कैद र रु ५८ लाख ९६ हजार पाँच सय जरिवाना फैसला भएका थापालाई प्रहरीले पक्राउ गरी भक्तपुर अदालतमा पेस गरेकामा आजै अदालतले कारागार कार्यालय जगन्नाथदेवल काठमाडौं पठाएको प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिए ।

# न्यायाधीश नियुक्ति मापदण्डविरुद्ध परेको रिट निवेदन दर्ता गर्न आदेश

**काठमाडौं/मस-** सर्वोच्च अदालतले न्याय परिषद्ले न्यायाधीश नियुक्तिका लागि बनाएको नयाँ निर्देशिकाविरुद्ध परेको रिट निवेदन दर्ता गर्न आदेश दिएको छ ।

न्यायाधीश डा.मनोजकुमार शर्माको एकल इजलासले बुधबार उक्त निवेदन दर्ता गर्न आदेश दिएको हो । अधिवक्ताद्वय कीर्तिनाथ शर्मा पौडेल र ज्योतिदेव पनेरुले दायर गरेको रिट निवेदन बिहीबार सर्वोच्चका कामु मुख्य रजिष्ट्रार नारायणप्रसाद पन्थीले दरपीठ (दर्ता गर्न अस्वीकार) गरेका थिए ।

नयाँ निर्देशिकाले न्यायालयलाई झन प्रभावित पार्ने चौतर्फी चिन्ता बढ्न थालेको र व्यक्तिगत स्वार्थ जोडिएकाले न्यायाधीश नियुक्तिको प्रक्रियामा अदालतका कर्मचारीहरु, सरकारी वकिलहरु, कानून अधिकृतहरु एवं कानून व्यवसायीहरुबीच असमान व्यवस्था भएको रिट निवेदनमा छ। नेपालको संविधानको धारा २९ को शोषणविरुद्धको हकमा आघात पुगेको र धारा ३३ को रोजगारीको हकको भावना र धारा १८ को समानताको हक एवं धारा २० को न्यायको हकविपरीतको न्यायाधीश नियुक्तिको प्रक्रियासम्बन्धी निर्देशिका भएकाले उत्प्रेषणको आदेशले बदर गर्न माग गरिएको छ ।

# 'शिक्षा र स्वास्थ्य सबै राज्यको दायित्वमा हुनुपर्छ'

काठमाडौं/मस- नेपाल प्राध्यापक सङ्घले शिक्षा र स्वास्थ्यका सबै सेवा राज्यको दायित्वभित्र पार्नुपर्नेमा जोड दिएको छ। सङ्घको हीरक महोत्सवका अवसरमा काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा सङ्घका अध्यक्ष प्रा. डा. बुद्धबहादुर थापाले शिक्षा र स्वास्थ्यको सबै जिम्मेबारी राज्यले लिनुपर्ने बताए ।

उनले शिक्षा र स्वास्थ्यलाई राज्यको पूर्ण जिम्मेवारीभित्र पारेर निःशुल्क बनाउन सङ्घले माग गर्दै आएको जानकारी दिए । उनले नेपालमा पछिल्लो समय विश्वविद्यालयको स्थापना भद्रगोल तरिकाले गरिकाले भएकाले त्यसलाई गुणस्तरीय बनाउन कडाइ गर्नुपर्नेमा जोड दिए ।

उनले विश्वविद्यालयमा पदाधिकारी नियुक्त गर्दा पनि पारदर्शी र परिपक्व प्रक्रिया नअपनाइएकाले गुणस्तरमा ह्रास आउँदै गएको टिप्पणी गरे ।'कतिपय विश्वविद्यालयका पदहरु त सत्तारुढ दलका कार्यकर्ता तथा समर्थकलाई जागिर दिन वा सेवासुविधा दिलाउनका लागि मात्रै दुरुपयोग भएकाले त्यसलाई तत्काल सुधार गर्नुपर्दछ', पत्रकार सम्मेलनमा प्रा. डा. थापाले भने ।

उनले हरेक विषयमा प्रयाप्त ज्ञान भएका प्राध्यापक आफूहरुसँग भए पनि सरकारले वास्ता नगरेको र भूमिका दिन नसकेको गुनासो गरे । प्रा. डा. थापाले प्राध्यापक सङ्घ शिक्षा तथा बौद्धिक क्षेत्रका लागि दबाव समूह मात्रै भएकाले सरोकारवालालाई दबाव दिने वा घचघच्याउने गरे पनि सुनुवाइ भने नभएको भन्दै असन्तुष्टि व्यक्त गरे।

सङ्घले बिहीबार काठमाडौंमा आयोजना गरेको हीरक महोत्सव समारोहको उद्घाटन प्रधानमन्त्री शेरबहादुर देउवाले गर्ने र विभिन्न शैक्षिक सवालमा अन्तर्क्रिया गर्ने तय भएको उनले जानकारी दिए ।

## साउदी...

गरेर दूतावासले कामदारको राहदानीमा भिसा लगाउन असहयोग गर्ने व्यवसायीहरुको भनाइ छ ।

अरु त अरु दूतावासमा माग गरिएका सबै सक्कली कागजात द्रुत गतिमा साउदीबाट मगाएर ती सक्कल कागजात र राहदानी बुझाउँदा पनि दूतावासका सम्बन्धित अधिकारीहरुले सक्कल कागजात त लिने तर राहदानी भने नलिने गरेको पाइएको छ । ती अधिकारीले राहदानीका लागि पछि खबर गरिनेछ भन्ने तर लामो समय बित्दा पनि नबोलाएर मेडिकल एक्सपाएर र कोटा नै गुम्ने अवस्था आउन थालेको पीडित व्यवसायीहरुले मध्यान्हलाई आफ्नो नाम उल्लेख नगर्ने शर्तमा बताएका छन् ।

नेपालस्थित साउदी दूतावासले कामदारको भिसा प्रक्रियामा व्यवसायीहरुलाई उपलब्ध गराएको साउदी आईडीको बार कोड कार्यान्वयन गर्ने गरेको छ । तर पछिल्लो समयमा बारकोड मिलेन भनेर अपमानजनक ढंगले व्यवहार गरेको कतिपय व्यवसायीहरुको भनाइ छ । साउदी अरेबियाका तत्कालीन राजदूत मुसैद एस अल मारवानी नेपाल आउँदा साउदी अरेवियाको विकासमा नेपाली कामदारले महत्वपूर्ण योगदान गरेको कारण नेपाली कामदारको भौतिक तथा पेशागत सुरक्षा एवं सेवा सुविधामा विशेष ध्यान दिने बताएका थिए । उनी आफ्नो चार वर्षे कार्यकाल पूरा गरेर स्वदेश फर्किसक्दा समेत दूतावासको व्यवहारमा कुनै परिवर्तन नभएको बरू थप अनुदार भएको व्यवसायीहरूको गुनासो छ।

नाम नछाप्ने शर्तमा एक व्यवसायीले भने, 'साउदी दूतावासले नेपाली भूमिमै व्यवसायीहरुलाई चरम अपमान गरेको छ। विभिन्न बहानाबाजी गरेर आफ्नै भूमिमा व्यवसायी अपमान हुनु लज्जाको विषय भएको छ। हाल करिब ४ लाख नेपाली कामदार कार्यरत रहेका छन् ।'

## मञ्चद्वारा...

काम गरेकोमा व्यवसायी जिसीलाई युरोपियन इन्टरनेशनल युनिभर्सिटीले 'ग्लोबल लिडरसीप इन बिजनेश म्यानेजमेन्ट'मा मानार्थ विद्यावारिधि प्रोफेसनल डाक्टरको प्रमाणपत्र प्रदान गरेको थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वसचिव र नेपाल वैदेशिक रोजगार गणतान्त्रिक मञ्चका सल्लाहकारसमेत रहेका जिसी नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत उद्योग समितिका सदस्यसमेत हुन् ।

नेपालको वैदेशिक रोजगार क्षेत्रमा करिब दुई दशकदेखि सक्रिय जिसी रोटरी क्लब अफ सैंबु भैंसेपाटीका प्रेसिडेण्ट, फर्च्यून हेल्थ केयरका डाइरेक्टर, एचडी ईण्डष्ट्रिज प्रा.लि.का चेयरम्यान, सेभेनस्टार डेभलपमेण्ट सेण्टरका संस्थापक अध्यक्ष, नेपाल हिमालयन एग्रिकल्चर एण्ड बी फर्मका अध्यक्ष, एच डी होलिडे ट्राभल्स एण्ड टूर्सका अध्यक्ष तथा सीईओ एवं अक्सफोर्ड इण्टरनेशनल प्रा.लि.का संचालक हुन् ।

बुधबार आयोजित सम्मान कार्यक्रममा नेकपा माओवादी केन्द्रका पोलिव्युरो सदस्य एवं सञ्चारकर्मी ओम शर्माले अन्य क्षेत्रका साथै वैदेशिक रोजगारका क्षेत्रमा व्यवसायी जिसीले प्राप्त गरेको उपलब्धि व्यवसायका माध्यमबाट मुलुक र समाजमा केही नयाँ गर्न चाहने युवा व्यवसायीहरूका लागि अनुकरणीय रहेको बताए ।

मञ्चका अध्यक्ष धनलाल जैसीले मञ्चका सल्लाहकार जिसीले मानार्थ विद्यावारिधि प्राप्त गर्दा मञ्च र आम वैदेशिक रोजगार व्यवसायीहरुले गौरव महसुस गरेको बताए । मञ्चका महासचिव कुन्छा दोर्जे डिम्दोङ्गले वैदेशिक रोजगार क्षेत्रको सानातिना कमजोरीलाई पक्रेर आम व्यवसाय र व्यवसायीमाथि प्रहार भइरहेको अवस्थामा मञ्चका सल्लाहकार जिसीले अन्तर्राष्ट्रियस्तरमा प्राप्त गरेको उपाधिले सबैलाई उत्साहित भएर अघि बढ्ने हौसला मिलेको र आम व्यवसायीलाई खुसी तुल्याएको बताए ।

सम्मानित व्यवसायी जिसीले २२ राष्ट्रका युवा व्यवसायीलाई प्रदान गरिएको उपाधि आफुले पनि प्राप्त गर्दा आगामी दिनमा थप उत्साह, मेहनत र पारदर्शितामा आधारित भई काम गर्ने प्रेरणा मिलेको बताए । वैदेशिक रोजगार व्यवसायले नै आफूलाई अन्तर ाष्ट्रियस्तरको उपाधिका लागि योग्य बनाएको बताउँदै व्यवसायी जिसीले व्यवसायमा निरन्तरता, इमानदारिता, प्रतिवद्धता महत्वपूर्ण हुने धारणा राखे । आम व्यवसायी नम्रताका साथ सेवाग्राहीलाई उच्चतम सन्तुष्टि हुने गरी सेवा दिन तत्पर हुनुपर्ने उनको सुझाव थियो ।

व्यवसायी जिसीले वैदेशिक रोजगार क्षेत्रलाई निरन्तरता दिँदै स्वास्थ्यको क्षेत्रमा राष्ट्रले नै उपलब्धि महसुस गर्ने गरी परिणाम निकाल्न काम गरिरहेको जानकारी दिए। उनले भने, 'स्वास्थ्यका क्षेत्रमा महत्वपूर्ण नयाँ खोज अनुसन्धानको प्रक्रिया जारी छ ।'

## परराष्ट्रले ...

दूतावासको 'ब्ल्याक लिष्ट'मा पर्ने डरले व्यवसायीहरुले खुलेर विरोध गर्न नसकेका हुन्। वैदेशिक रोजगार व्यवसायीको छातासंस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तर्फबाट विगतमा पटकपटक समस्याको समाधानका लागि पहल भएपनि त्यो पहल समस्याको तुलनामा पर्याप्त नदेखिएको भन्दै व्यवसायीहरूले कामदार लिने मुलुकले कामदार लैजाने देशका व्यवसायी र कामदारको समस्याप्रति देखाउनुपर्ने सम्मान नदेखिएपछि त्यसमा परराष्ट्र मन्त्रालयले नै साउदी राजदूतलाई बोलाएर समस्या समाधानको पहल लिनुपर्ने बताए ।

नाम नछाप्ने शर्तमा एक व्यवसायीले भने, 'लामो समय समस्याको समाधान नहुँदा संघमार्फत भएको पहल कूटनैतिक मर्यादाको त्रासमा कडिकडाउका साथ उठाउन नसकिएको पनि हुनसक्छ । त्यसैले सरकारीस्तरमा नै पहल हुनुपर्ने बाध्यता महसुस भएको छ ।'


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

प्रकाशित मिति: २०७९/०४/२३

यस कार्यालयमा मिति २०७५/१२/०८ मा दर्ता भएको **प्रा.लि.नं. २११२९० को नेशनल लजेस्टिक सपोर्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०४/२६

यस कम्पनीको मिति २०७९/०२/२१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **निवा अब्रोड एजुकेशन सेन्टर प्रा.लि. (प्रा.लि. नं. १६५६२९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ओज कनेक्ट एजुकेशन कन्सलट्याण्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम/ठेगाना परिवर्तन गरिएको सूचना**

यस कम्पनीको मिति २०७९/०५/०४ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको बमोजिम साबिक कम्पनी **डी एण्ड पी. मेडीकल सेन्टर प्रा.लि. (प्रा.लि. नं. ११२२००)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०४/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मेडी म्याक्स मेडिकल सेन्टर प्रा.लि.** र साबिक ठेगाना **का.जि. कामनपा २९** बाट परिवर्तन गरि **का.जि. कामनपा ७**कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**मलेशियामा रोजगार**

**COMPANY: SHANG BOR PLASTIC (M) SDN BHD, Perusahaan**

पुर्व स्वीकृती मिति: 2022/08/10 | चलानी नं: 60185124 | LT. No. 269246

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 30 | 0 | स.काममा दक्ष | 1500 | ४२,७८६ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जिवन बिमा खर्च कसले व्यहोर्ने /कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्यानकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु ७००/– कामदारले तिर्ने | रु १५००/– कामदारले तिर्ने | निःशुल्क |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०७९ भाद्र २ गते (18th Aug, 2022) हुदैछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AAROHAN HUMAN RESOURCE PVT. LTD.**
Sinamangal-09, Kathmandu, Nepal, Phone: 01-4465606
Govt. Lic. No. 1428/074/075



**मलेसियामा रोजगार** | १. कम्पनी: Anson Oil Industries bhd
शहर: MALAYSIA, Perak

पूर्व स्वीकृत मिति: २०७९/०४/२५ | चलानी नं.: ६०१८५०८० | LT. No.: 269250

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | OIL PALM WORKER | 12 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: GENTLE GIANT FORTUNE | शहर: MALAYSIA, Prai

पूर्व स्वीकृत मिति: २०७९/०४/२५ | चलानी नं.: ६०१८५०७९ | LT. No.: 269249

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Crew | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २ गते (18 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**टोपाज इण्टरनेशनल प्रा. लि.**
मैतिदेवी, काठमाडौं, नेपाल, फोन: ०१-४५१२६५०
श्रम इजाजत नं. ५४७/०६२/०६३



**कतारमा रोजगारको अवसर** | कम्पनी : POWER BRAKE MANUFACTURING SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७७/०४/२५ | चलानी नं.: ६०१८५१०७ | LT. No.: 269182

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४३,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २ गते (18 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SAAN NEPAL Pvt.Ltd.**
Battisputali-9, Kathmandu, Tel.: 01-4484977,4485077, Fax No.: +977-1-4485077
Email: infosaan6@gmail.com | Website: www.saannepal.com.np
Gov. Lic. No. 734/064/065

# कोरोना सक्रिय संक्रमितको संख्या भण्डै ६ हजार पुग्यो

**काठमाडौं/मस-** कोरोना भाइरसको संक्रमणबाट बुधबार थप ३ जनाको मृत्यु भएको छ। योसँगै अहिलेसम्म कोरोनाबाट ११ हजार ९ सय ७७ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

यस्तै, थप ८ सय ६८ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीका अनुसार ६ हजार ७ सय ५ जनामा गरिएको परीक्षणमध्ये ८६८ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो। योसँगै सक्रिय संक्रमितको संख्या पाँच हजार ८८५ पुगेको छ। काठमाडौं उपत्यकामा तीन सय जनामा संत्रमण पुष्टि भएको छ। ललितपुरमा ५३, भक्तपुर १८ र काठमाडौंमा दुई सय २९ जनामा संक्रमण पुष्टि भएको उनले जानकारी दिए।

यस्तै बुधबार कोरोना भाइरसबाट निको भइ चार सय १४ जना घर फर्किएका छन्। साउन एक गतेको संक्रमण दर चार प्रतिशत रहेकामा बुधबार १३ प्रतिशत पुगेको अधिकारीले बताए।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौं र ललितपुर तथा दुई सयभन्दा बढी संक्रमित भएको जिल्ला मोरङ रहेको छ। संक्रमित शून्य भएका जिल्ला मनाङ, कालीकोट र हुम्ला छन्।

हाल होम आइसोलेशनमा पाँच हजार पाँच सय ७१ जना, संस्थागत आइसोलेशनमा दुई सय १४, सघन उपचार कक्ष (आइसियु)मा ६४ र भेन्टिलेटरमा सात जनाको उपचार भइरहेको छ। विगत २४ घण्टामा एक लाख ३८ हजार आठ सय ४० जनाले कोरोना भाइरसविरुद्धको खोप




लगाएका छन्।

### कोरोना फैलिन नदिन 'खोज र खोप अभियान' चलाइँदै

कोरोना भाइरस संक्रमण फैलिन नदिन सुदूरपश्चिम प्रदेशमा 'खोज र खोप अभियान' सुरु गर्न लागिएको छ। अभियानअन्तर्गत मानिसको भीडभाड बढी देखिने सार्वजनिक स्थलमा खोप नपाएकालाई खोजेर खोप लगाउने लक्ष्य लिइएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

अभियानमा आफ्नो स्वास्थ्य अवस्था र अन्य विभिन्न कारणले खोप केन्द्रसम्म पुगेर खोप लगाउन नसक्ने व्यक्तिलाई समेत समेटिन लागिएको स्वास्थ्य निर्देशनालयका निर्देशक डा.जगदीश जोशीले बताए।

रोकथामका लागि सबै अस्पतालमा आवश्यक पर्न सक्ने अक्सिजन, टेस्ट किटको कमी हुन नदिने भेन्टिलेटरको समेत व्यवस्था गरिएको जोशीले बताए।

'संक्रमण बढ्दा सीमा नाकाबाट भित्रिनेहरु सबैको स्वास्थ्य नमूना परीक्षण गर्न लागिएको छ' उनले भने, 'यसबाहेक नियमितरूपमा रोकथामका लागि चेतना अभिवृद्धि गर्ने काम भइरहेको छ।'

प्रदेशमा अहिलेसम्म खोप लगाउनुपर्ने लक्षित जनसंख्याका भण्डै २२ लाखको ८० प्रतिशतले पूर्ण खोप पाइसकेकोमा भण्डै पाँचदेखि छ लाख जनसंख्याले अझै खोप लगाउन बाँकी रहेको जनाइएको छ। कैलाली, कञ्चनपुर र डडेलधुरा जिल्लाका पाँच वर्षदेखि १२ वर्षसम्मका बालबालिकालाई खोपको पहिलो मात्रा लगाइसकिएको छ भने दोस्रो मात्रा लगाउने तयारी भइरहेको छ। नेपाल-भारत बीचको खुला सिमानाका कारण भारतमा कोरोना बढ्दा नेपालमा पनि बढ्ने गरेको स्वास्थ्यकर्मीले बताएका छन्।

यसैबीच स्वास्थ्य निर्देशनालय दीपायलले गएको २४ घण्टामा प्रदेशमा कोरोनाको शंका लागेका एक हजार एक सय सात व्यक्तिको स्वास्थ्यको नमूना परीक्षण गरिएकोमा ९४ मा कोरोनाको संक्रमण भएको जनाएको छ। प्रदेशमा सक्रिय बिरामी पनि दिनदिनै बढ्दै गएका छन्। बुधबार थपिएका बिरामीसमेत कोरोना भाइरस फैलिएयता प्रदेशमा हालसम्म जम्मा ६० हजार ६०५ संक्रमित पुगेका छन्।

संक्रमण रोकथाममा भइरहेको कमीकमजोरीले यो रोगको संक्रमण दर पछिल्ला दिनमा उकालो लागेको स्वास्थ्यकर्मीले बताएका छन्। संक्रमित स्वयंले पनि चासो नदिँदा पनि यो रोगको संक्रमण दर बढेको हो। सामाजिक विकास मन्त्रालयका सचिव दीपक लामिछानेले संक्रमण रोकथामका लागि सीमा नाकाबाट भित्रिने नागरिकको कडाइका साथ स्वास्थ्यको नमूना परीक्षण गर्ने व्यवस्था गरिएको बताए। जटिल अवस्थाको संक्रमित बिरामीलाई अस्पतालसम्म पुर्याउन गौरीफन्टा सीमा नाका र गड्डा चौकी सीमा नाकामा एम्बुलेन्सलाई तयारी अवस्थामा राखिएको उनले जानकारी दिए।

'नमूना परीक्षणबाट लक्षण देखिनेलाई परामर्श दिएर होम आइसोलेसनमा बस्न सल्लाह दिने गरिएको छ', उनले भने, 'जटिल अवस्था भएको सङ्क्रमितलाई सोझै अस्पतालमा भर्ना गर्ने व्यवस्था गरिएको छ।' गत फागुन १६ गते यता सुदूरपश्चिम प्रदेशमा कोरोना संक्रमणका कारण हुने मृत्यु दर शून्यमा झरेकोमा केही दिनअघि सेती प्रादेशिक अस्पतालमा उपचाररत एक जनाको मृत्यु भएको थियो। फागुनदेखि कम हुँदै गएको संक्रमण दर पनि पछिल्ला दिनमा बढ्न थालेको छ।

# मोटरसाइकल चोरी गर्ने पाँचजना पक्राउ

**काठमाडौं/मस-** प्रहरीले मोटरसाइकल चोरीमा संलग्न पाँच जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंले चलाएको 'अप्रेसन बाइक हन्ट' अभियानअन्तर्गत पाँच मोटरसाइकलसहित उनीहरुलाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो।

पक्राउपर्नेमा नुवाकोटको तादी गाउँपालिकाका २२ वर्षीय विशाल तामाङ, १९ वर्षीय राजन तामाङ, १९ वर्षीय दिनेश तामाङ, नुवाकोटकै दुप्चेश्वर गाउँपालिकाका ४० वर्षीय रामशरण दमाई र रामेछापको खाँडादेवी गाउँपालिकाका २५ वर्षीय घनश्याम कार्की छन्।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले काठमाडौंका विभिन्न स्थानबाट चोरीका मोटरसाइकलसहित पाँचै जनालाई पक्राउ गरिएको जानकारी दिए। पक्राउ परेकासँग सुजुकी कम्पनीको कालो रङको गिसर मोटरसाइकल, यामाहा कम्पनीको एफजेडएस मोटरसाइकल, कालो रङको सिएफ मोटरसाइकल, रातो रङको पल्सर मोटरसाइकल र प्रदेश नम्बरप्लेट भएको पल्सर मोटरसाइकल बरामद गरेको छ।

पक्राउ परेका पाँचै जनालाई मुलुकी अपराध संहिता ऐन, २०७४ को परिच्छेद-२० को २४१ अनुसार 'चोरीसम्बन्धी कसुर'मा जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिएर प्रहरीवृत्त महाराजगञ्जले अनुसन्धान अघि बढाएको छ।

# विश्वविद्यालयमा लागेको ताला तीन महिनापछि खुल्यो

**दाङ/मस-** नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय कार्यालय बेलझुण्डी दाङमा नेपाल विद्यार्थी संघले विभिन्न माग राखी लगाएको ताला बुधबार तीन महिनापछि खुलेको छ। नेपाल विद्यार्थी संघले विभिन्न माग राख्दै गत वैशाख १९ गते तालाबन्दी गरेको थियो।

ताला खुलाउने सम्बन्धमा यसअघि विश्वविद्यालय प्रशासन र नेविसंघबीच पटकपटक छलफल भए पनि आफूहरुको माग पूरा नभएको भनी विद्यार्थीले ताल्चा खोल्न मानेका थिएनन् तर उच्च अदालत तुलसीपुरले तालाबन्दी गर्नु अनुचित भएको ठहर गर्दै तालाबन्दी खोल्नका लागि गत साउन २२ गते अन्तरिम आदेश दिएपछि नेविसंघले ताला खोलेको हो।

विश्वविद्यालयमा लामो समयदेखि तालाबन्दी गरेर कामकाज ठप्प गरेको भन्दै तालाबन्दीका विरुद्धमा अधिवक्ता कुलबहादुर डाँगीले उच्च अदालत तुलसीपुरमा मुद्दा दर्ता गरेका थिए। उनको मुद्दाको यही साउन २२ गते सुनुवाइ गर्दै उच्च अदालतकी मुख्य न्यायधीश नीता गौतम दीक्षित र न्यायाधीश बबिता उप्रेतीको संयुक्त इजलासले ताला खोल्न अन्तरिम आदेश दिएको थियो।

सोही आदेशको पालना गर्दै नेविसङ्घले शिक्षा अध्यक्षको कार्यकक्ष, उपकुलपतिको कार्यकक्ष, कुलसचिवको कार्यालय र आर्थिक प्रशासनमा लगाएको ताला खोलेको जनाएको छ। ताला खोल्दै नेविसंघका केन्द्रीय प्रतिनिधि अभयप्रताप चौवेले अदालतको आदेशको पालना गर्दै ताला खोलिएको बताए। उनले आफूहरुको आन्दोलन नरोकिने तर स्वरूप भने परिर्वतन हुने बताउनुभयो। नेविसंघ संस्कृत विश्वविद्यालय संघर्ष समितिले विश्वविद्यालयमा भएको अनियमितता छानविन गर्नुपर्ने, छात्राबासको सटरबाट प्राप्त भाडाको ३० प्रतिशत रकम छात्राबासको विकासका लागि खर्च गर्नुपर्ने, १० वर्षदेखि रोकिएको दीक्षान्त तीन महिनाभित्र हुनुपर्ने, विद्यार्थीमैत्री पाठ्यक्रमको व्यवस्था गर्नुपर्नेलगायतका १४ बुँदे माग राखेर तालाबन्दी गरेको थियो।

**सोनु डेन्टल केयर प्रा. लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७३/०८/२० मा दर्ता भएको **सोनु डेन्टल केयर प्रा. लि. प्रा.लि. (दर्ता नं. १५९६०९)** को मिति २०७९/०४/२५ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य**
**इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११९७६६**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

प्रकाशित मितिः २०७९/०४/२

यस कार्यालयमा मिति २०७७/११/११ मा दर्ता भएको **प्रा.लि.नं. २५६७९९** को **एच.डि. फोर्टिन ग्रुप्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कमलामई चिम्नी ईट्टाभट्टा उद्योग स्थापना र सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०७९/०४/२६)

**बागमती प्रदेश, सिन्धुली जिल्ला, कमलामाई चिम्नी ईट्टा उधोग, दुधौली न.पा.-०५ घारीथुम्सी सिन्धुली निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिइएको छ।**

**प्रस्तावको नामः- कमलामई चिम्नी ईट्टाभट्टा उधोग स्थापना र सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण**

**प्रस्तावकको नाम र ठेगानाः- कमलामाई चिम्नी ईट्टा उधोग, दुधौली न.पा.-०५ घारीथुम्सी सिन्धुली**

**प्रस्तावको व्यहोराः** प्रस्तावित ईट्टा उधोग आयोजना, नगरपालिकाको वडा नं ५ कित्ता नं. १२८ र १२९ को जग्गामा माटोको ईट्टा, बालुवा, सिमेन्ट, डण्डी तथा गिट्टीबाट बनाइने भिन्न किसिमका सामग्रीको उत्पादन गर्ने उद्देश्य रहेको कमलामई चिम्नी ईट्टाभट्टा उद्योग प्रा.लि.को कार्यसूची बागमती प्रदेश मा.मन्त्रीस्तरीय मिति २०७९/०४/१८ मा स्वीकृत भएको व्यहोरा जानकारी गराउँदछौं। प्रभाव पर्न सक्ने नगरपालिका वडा- दुधौली नगरपालिका वडा नं ०५, सिन्धुली।

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, जैविक प्रणाली, भौतिक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्छ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिन हुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

**प्रस्तावकको नाम र ठेगाना**
कमलामाई चिम्नी ईट्टा उद्योग, दुधौली न.पा. -०५ घारीथुम्सी सिन्धुली
फोनः +९७७-९८६११५९६१४४; इमेलः deepakghale1611@gmail.com
घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलिमाडी, सिन्धुली
फोनः +९७७-९८४१२०६७६४; इमेलः pravinshrestha@gmail.com

**परामर्शदाताको नाम र ठेगाना**
माउन्टेंन थट्स कन्सल्टेन्सी प्रा.लि. महालक्ष्मी-५ ललितपुर।
फोनः +९७७-९८५८४२१०६२; इमेलः mthoughts2015@gmail.com

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**सघींय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी**
**सडक डिभिजन दमक, झापा**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७९/०४/२६

यस डिभिजनबाट सूचना नं १-०७९/८० को मिति २०७९/०३/१९ गते हिमालय टाईम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| S.N | Bid Notice | Contract No | Description of works | Name of Successful Bidder | Bid Amount.NRS (Inclusive PS & VAT) |
|---|---|---|---|---|---|
| 1 | 1-079/80 | RD-DMK/337310113 (Rec)/2079/80-001 | Recurrent Maintenance works along Kakarbhitta to Birtamod (MRM) section, Jhapa | M/S Sneha Nirman Sewa, Bhadrapur, Jhapa | 19,56,840.78 |
| 2 | | RD-DMK/337310113 (Rec)/2079/80-004 | Recurrent Maintenance works along Charali to Chihandanda (Mechi Rajmarg) section, Jhapa | M/S Sneha Nirman Sewa, Bhadrapur, Jhapa | 46,22,681.69 |
| 3 | | RD-DMK/337310113 (Rec)/2079/80-005 | Recurrent Maintenance works along Padajungi to Gaurigunj Section, Jhapa | M/S Innovation Construction Services, Damak, Jhapa | 24,06,129.34 |

डिभिजन प्रमुख

**मलेसियामा रोजगारको अवसर** | कम्पनी : PREMIER SQUAD SDN BHD
शहरः Malaysia

पूर्व स्वीकृत मितिः २०७९/04/२५ चलानी नं.: ६०१८५१३२ LT. No.: 268750

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २ गते (18 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**LEADING AIM INTERNATIONAL PVT. LTD**
Basundhara-3, Kathmandu, Tel: 01-5904026
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np
Govt. Lic. No.: 1170/073/074

**मलेसियामा रोजगार** | कम्पनीः MR D.I.Y. TRADING SDN BHD
शहरः JALAN

पूर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८३०४८ L.T. No.:267153 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Rm | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole Sale & Retail Shop Worker | 200 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २ गते (18 August 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

**शुन्य लागत (Zero Cost) सहित मलेशियामा रोजगारको अवसर**

कम्पनीः PONG CODAN RUBBER (M) SB शहरः SELENGOR

पूर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८२१७३ LT. No. 266204

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २ गते (18 August 2022) मा हुनेछ।

